नेपाल सरकार

# संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय

(स्थानीय तह समन्वय शाखा)

सिंहदरबार काठमाडौं।

फोन नं: ०१-४२००५११

प.सं. ०७६/७७
च.नं. ०१

मिति: २०७६।०४।०१

श्री स्थानीय तह (सबै),

विषय: स्थानीय तहले जग्गा प्राप्ति गर्ने तथा सरकारी जग्गा दाखिल खारेज र लिजमा उपयोग गर्न पाउने व्यवस्था बारे प्रष्टाईएको।

प्रस्तुत विषयमा स्थानीय तहको लागि निजी जग्गा प्राप्तिको सम्बन्धमा जग्गा प्राप्ति ऐन, २०३४को मिति २०७५।११।१९मा भएको संशोधनले स्थानीय तहद्वारा सञ्चालन गरिने परियोजनाको लागि जग्गा आवश्यक पर्ने भएमा सम्बन्धित स्थानीय तहले ऐन बमोजिमको मुआब्जा र अन्य सबै खर्च व्यहोर्ने गरी कुनै जग्गा प्राप्त गराई दिन नेपाल सरकार समक्ष अनुरोध गरेमा नेपाल सरकारले त्यस्तो जग्गा स्थानीय तहलाई जग्गा प्राप्त गराई दिने गरी निर्णय गर्न सक्ने व्यवस्था गरेको छ ।त्यसैगरी नेपाल सरकारले जग्गा प्राप्त गराई दिने निर्णय गरेपछि कम्तिमा अधिकृतस्तर वा कार्यालय प्रमुखले कुनै परियोजनाको लागि प्रारम्भिक कारवाही चलाउन सक्ने, प्रारम्भिक कारवाही चलाउने अधिकारीले प्रारम्भिक कारबाईको प्रतिवेदन स्थानीय अधिकारी समक्ष पठाउने, प्रारम्भिक कारवाहीको प्राप्त प्रतिवेदन पश्चात स्थानीय अधिकारीले प्राप्त गरिने जग्गाको सम्बन्धमा सूचना जारी गर्ने, मुआब्जा निर्धारण समितिवाट मुआब्जा निर्धारण पश्चात मुआब्जा दिई जग्गा प्राप्त गर्न सकिने कार्यविधिगत व्यवस्था जग्गा प्राप्ति ऐन, २०३४ले गरेको छ।

सरकारी जग्गा दर्ता तथा लिजमा उपलब्ध गराउने सम्बन्धी कार्यनीति, २०७१ले एउटा सरकारी निकायको नाममा दर्ता रहेको जग्गा अर्को सरकारी निकायलाई आवश्यक पर्ने भएमा दर्तावाला निकायको केन्द्रीय निकायको सिफारिस तथा भुमी व्यवस्था, सहकारी तथा गरिवी निवारण मन्त्रालयको सहमतिमा मालपोत कार्यालयले सम्बन्धित निकायको नाममा दाखिल खारेज गर्ने प्रावधान रहेको छ।साथै सरकारी जग्गा तोकिएको प्रयोजनको लागि लिजमा उपलब्ध गराउन सकिने एवं जग्गा लिजमा उपलब्ध गराउने विभिन्न आधारहरू उल्लेख गरेको तथा लिजमा उपलब्ध गराउने जग्गाको सम्बन्धमा मालपोत कार्यालयले प्रतिवेदन तयार गर्ने र प्रमुख जिल्ला अधिकारी संयोजक रहेको जिल्लास्तरीय सिफारिस समितिले जग्गा लिजमा उपलब्ध गराउन सिफारिस गरे पश्चातका अन्य प्रकृया पुरा गरी जग्गा लिजमा लिन सकिने कार्यविधिगत व्यवस्था उक्त कार्यनीतिले गरेको छ।

प्रस्तुत सन्दर्भमा, स्थानीय तहले निजी जग्गा प्राप्ति तथा सरकारी जग्गाको उपयोग र दाखेल खारेज गर्ने विषयमा रहेको उल्लेखित व्यवस्था बाहेक जग्गा प्राप्ति वा खरिदको लागि अन्य कुनै कानूनी आधार नदेखिदा सोही व्यावस्था अनुसार गर्नु गराउनुहुन आदेशनुसार अनुरोध छ।

जनकराज शर्मा
शाखा अधिकृत

बोधार्थ

श्री भुमी व्यवस्था, सहकारी तथा गरिवी निवारण मन्त्रालय: उपर्युक्तनुसारको व्यवस्था बमोजिम गर्न आवश्यक समन्वय र सहजीकरणको लागि ।

श्री सूचना तथा प्रविधि शाखा : पत्र वेभसाइटमा अपलोड गरिदिनु हुन ।